# अर्थ

बिच्छाएको पाइपलाइनबाट पहिलो चरणमा डिजेल आयात गरिने निगमले जनाएको छ। बाराको जीतपुर-सिमराबाट पाइप बिछ्याउने काम थालेको थियो। निगमले पेट्रोलियम पदार्थमध्येमा डिजेलको माग हाल बजारमा उच्च रहेकाले डिजेलको मागलाई सम्बोधन गर्नको लागि पहिलो चरणमा पाइपलाइनबाट डिजेल आयात गर्न लागिएको निगमले जनाएको छ।

# पेट्रोलियम पाइपलाइन १२ किलोमिटर बिछ्याइयो

नेपाल समाचारपत्र
काठमाडौं

नेपाल - भारत पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत १२ किलोमिटर पाइप बिछ्याइएको छ। नेपाल आयल निगमले गत महिनादेखि पाइप बाराको जीतपुरबाट पाइप बिछ्याउने काम थालेको थियो।

बिच्छाएको पाइपलाइनबाट पहिलो चरणमा डिजेल आयात गरिने निगमले जनाएको छ। बाराको जीतपुर-सिमराबाट पाइप बिछ्याउने काम थालेको थियो। निगमले पेट्रोलियम पदार्थमध्येमा डिजेलको माग हाल बजारमा उच्च रहेकाले डिजेलको मागलाई सम्बोधन गर्नको लागि पहिलो चरणमा पाइपलाइनबाट डिजेल आयात गर्न लागिएको निगमले जनाएको छ।

मोतिहारी-अमलेखगञ्ज हुँदै पाइपलाइन विस्तार हुनेछ, मोतीहारी-रक्सौल पेट्रोलियम पाइपलाइन ३२ दशमलव ७८ किलोमिटर रहेको छ भने रक्सौल-अम्लेखगन्ज भने ३६ दशमलव २८ किलोमिटर रहेको छ।

कुल २ अर्ब ७५ करोड भारतीय रुपियाँमा परियोजना निर्माण हुन लागेको हो। त्यसमध्ये भारतीय आयल निगम (आईओसी) को २ अर्ब र नेपाल आयल निगम (एनओसी)को ७५ करोड भारतीय रुपियाँ खर्च हुनेछ। बरेली नाकाबाट आयात हुँदै आएको पेट्रोलियम पदार्थ भने अब मोतिहारीमा नै आईओसीले डिपो निर्माणसँगै सोही स्थानबाट आयात गर्नेछ। भारतबाट ल्याइएको करिब ११ मिटर लम्बाई रहेको १० दशमलव ७५ इन्च मोटाइको माइल स्टिल एमएस पाइपबाट प्रतिघण्टा २ सय १४ किलोलिटर पेट्रोलियम पदार्थ आयात हुनेछ। रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन परियोजनाका मेकानिक इन्जिनियर सरोजप्रसाद पौडेलका अनुसार हालसम्म ३७ किलोमिटरनै पाइप आएको र बाँकी अरू साना ठूला पाइप आउने क्रममा रहेको बताउनुभयो। अहिले पाइप लाइन बिच्छाउने मार्गमा पर्ने पोल हटाउने काम पनि जारी रहेको पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार सडकमार्गमा रहेको अवरोध हटाउँदै पाइलाइन विस्तार गरिँदै छ। परियोजनामा अरू थप पाइप बिच्छाउनको लागि रेडियोग्रफी टेस्ट गरिँदै वल्डिङ गरी बिछ्याउनको तयार पारिँदै गएको समेत पौडेलले बताउनुभयो।

काम शुरू भएको १५ महिनामा भारतको मोतीहारीबाट निगमको अमलेखगन्जस्थित डिपोमा जोडिने निगमको दाबी छ। सन् २०१५ को अगस्ट २४ मा नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनबीच सो परियोजना निर्माण गर्ने सहमति भएको थियो। सहमतिमा काम शुरू भएको २ वर्षभित्र सक्ने सहमति भए पनि नाकाबन्दीले गर्दा आयोजनाले गति लिन सकेको थिएन भने आयोजनामा दुवै पक्षको नीतिगत निर्णयमा ढिलाइ हुँदा निर्माण प्रक्रिया ढिलो शुरू भएको थियो।

पेट्रोलियम पाइपलाइनको शिलान्यास प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मोतिहारी-अम्लेखगन्ज पेट्रोलियम पाइपलाइन परियोजनाको चैत २५ गते गर्नु भएको थियो। प्रधानमन्त्रीद्वयले दिल्लीबाट रिमोटमार्फत् परियोजना शुभारम्भ गर्नु भएको थियो भने मोतिहारीमा पाइप बिछ्उने काम शुरू गरिएको थियो।

## प्रदेश-३ नीति आयोगमा डा. देवकोटा

हेटौंडा, (नेस)

प्रदेश नम्बर ३ को नीति तथा योजना आयोग उपाध्यक्षमा डा. खिमलाल देवकोटा र सदस्यमा श्याम बस्नेतलाई नियुक्त गरिएको छ। मन्त्रिपरिषद् बैठकले मंगलबार उक्त नियुक्त गरेको हो।

प्रदेश-३ को मन्त्रिपरिषद् बैठकले प्रदेश नीति तथा योजना आयोग गठन तथा कार्य सञ्चालन आदेश जारी गरेको हो। विकास अर्थशास्त्रमा विद्यावारिधि देवकोटा वित्तीय संघीयता व्यवस्थापन विज्ञ मानिनुहुन्छ। डा. देवकोटाले अर्थशास्त्रमा एमए, आर्थिक विश्लेषणमा एमएसी र विकास अर्थशास्त्रमा विद्यावारिधि गर्नुभएको छ।

स्थानीय निकाय वित्तीय आयोगमा लामो समय विज्ञ भएर कार्य गर्नुभएका डा. देवकोटा प्रधानमन्त्री कार्यालय र राष्ट्रिय योजना आयोगमा पनि विज्ञ सल्लाहकार हुनुभएको थियो।

# नेपालगन्ज–दिल्ली उडानको पहल गरिदिन आग्रह

बाँके, (नेस)

पूर्वमन्त्री जनार्दन शर्मालाई स्थानीय जनप्रतिनिधिले सामूहिक रुपमा नेपालगन्ज-दिल्ली हवाई उडानका लागि पहल गरिदिन आग्रह गरेका छन्।

नेपालगन्ज उपमहानगरपालिकाको पहलमा बसेको सर्वपक्षीय बैठकले सरकारलाई नेपालगन्ज-दिल्ली उडानका लागि औपचारिक प्रस्ताव अगाडि बढाउने व्यवस्था मिलाइदिन नेता शर्मालाई आग्रह गरिएको हो।

बाँकेका मुख्य राजनीतिक दलका प्रमुख, आठवटै पालिका प्रमुख, प्रदेश तथा संघका सांसदसहितको बैठकले भारत सरकारसँग अनुमतिको लागि आवश्यक पहल गरिदिन प्रधानमन्त्री समक्ष लिखित माग गर्ने निर्णय पनि गरेको छ।

उपमहानगरपालिकाका नगर प्रमुख डा. धवल शमशेर राणाको अध्यक्षतामा पत्रकार महासंघ, उद्योग बाणिज्य संघ, होटल अर्गनाइजेसनका प्रमुखको समेत सहभागितामा सम्पन्न बैठकले तत्काल नेपालगन्ज विमानस्थलबाट दिल्लीसम्म बुद्ध एयरसहित विभिन्न वायुसेवा कम्पनीबाट समेत माग भइ आएको भारत सरकारसँग अनुमतिको लागि आवश्यक पहल गरिदिन हुन प्रधानमन्त्रीसमक्ष अनुरोध गरेको छ।

हवाई उडानको लागि आवश्यक पूर्वाधारको व्यवस्थाको लागि सम्बन्धित निकायहरूमा समेत पहल गरिदिन अनुरोध गरिएको छ। शर्माले नेपालगन्ज-दिल्ली उडानले पश्चिम नेपालको समग्र विकासमा मद्दत पुऱ्याउने विश्वास गर्दै दबाबले नभई योजनाबद्ध रुपमा माग अघि बढाइनु पर्ने सुझाव दिनुभयो। उहाँले प्रधानमन्त्री र पर्यटनमन्त्रीसँग आफूले पहल गर्ने पनि विश्वास दिलाउनुभयो।

# तल्लो मोदीको असारभित्र उत्पादन थालिने

नेपाल समाचारपत्र
पर्वत

मोदीखोलामा निर्माणाधीन २० मेगावाट क्षताको तल्लो मोदीखोला जलविद्युत् आयोजनाले आगामी असारभित्रै उत्पादन थाल्ने तयारी गरेको छ।

निजी क्षेत्रको मोदी हाइड्रोपावर लिमिटेडले निर्माण गरेको आयोजनाले २०६९ साउनमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको भए पनि प्राकृतिक र मानवीय समस्याले अवरोध भएको थियो। 'अब २ प्रतिशत मात्रै काम बाँकी छ,' जनसम्पर्क अधिकृत सुरेन्द्र बेल्बासेले भन्नुभयो-'अबको काम सबै प्राविधिक विषयसँग सम्बन्धित भएकाले असारभित्रै उत्पादन थाल्नेमा हामी ढुक्क छौं।'

यस वर्ष निर्माणको काममा कुनै अवरोध नभई धमाधम हुन सकेको आयोजना प्रमुख पवनकुमार यादवले बताउनुभयो। चालू वर्ष अवरोधबिना निर्माणको काम अघि बढेकाले लक्षित प्रगतिमा पुग्न सफल भएको उहाँको भनाइ छ। भूकम्पले हल्लिएको जमिनका कारण मनसुन सिजनमा शुरूङभित्र पहिरो जाने, भासिने, बाढी पस्नेजस्ता समस्याले गत वर्ष काममा अवरोध आएको थियो। आयोजनाका अनुसार मुख्य काममध्ये ४ हजार २० मिटर टनेलमध्ये करिब ३ हजार ९ सय मिटर कंक्रिटिङ पूरा भएको छ। त्यस्तै हेडवर्क्सतर्फको काम पनि अन्तिम चरणमा छ। ड्याम क्षेत्रमा वर्षाको बाढी व्यवस्थापनको केही काम बाँकी रहे पनि पावर हाउसतर्फ पठाउने 'वाटर रन वे' को काम सकिएको उहाँले बताउनुभयो। पावरहाउसमा टर्वाइन तथा अन्य संरचनाको फिटिङ भइरहेको आयोजनाले जनाएको छ।

आयोजना प्रमुख यादवले कन्ट्र्याक्ट र सबकन्ट्र्याक्ट कम्पनीले समयमै तोकिएको काम पूरा गरेको बताउनुभयो। गत वर्ष भने तीन निर्वाचन र मनसुनमा आएको बाढीले पनि केही समय निर्माणको काममा ढिलाइ भएको हो। 'गत फागुनमै उत्पादन दिने लक्ष्य थियो,' प्रमुख यादवले भन्नुभयो-'बाढीपहिरो, चाडबाड र चुनावले केही डिस्टर्ब गऱ्यो। अब असारसम्ममा पूरा हुन्छ।' समयसँगै आयोजनाको लागत पनि थपिने उहाँले बताउनुभयो। ३ अर्ब ६० करोड रुपियाँको लागत अनुमानमा शुरू गरेको आयोजनाले निर्धारण अवधिमा काम नसकेपछि लागत पनि बढेको हो। आयोजनाले २०६८ भदौमा विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता गरिसकेको छ। वार्षिक ११ करोड ७० लाख युनिट विद्युत् उत्पादन गर्ने लक्ष्य छ।


## INVITATION FOR BIDS

**Supply and installation of Servers, Storage, Switch License, and Related Software.**

First date of publication: 20th May, 2018
Published Date: 13th June, 2018
Deadline for Submission of Bid documents: 19th June, 2018

Citizens Bank International Limited established under the Bank and Financial Institution Act 2063, having its Head Office at Narayanhiti Path, Kathmandu invites sealed Bid for "Request for Proposal for Supply and Installation of Servers, Storage, Switch licenses, and Related Software". The Services also comprise of documentation and user manual, implementation services, training for Bank staff, maintenance and support services and future upgrades of the same.

Eligible bidders are requested to participate in the bidding producers and competitive bidding will be conducted in accordance with Single Stage Two Envelope bidding procedure.

A complete set of the Request for Proposal (RFP) including the scope of Requirements may be obtained upon making a non-refundable payment of NPR 5,000.00 and submission of the duly signed Non-disclosure Agreement (NDA) by any interested Bidder from the address given below between 9:30 hrs to 17:00 hrs on working days from June 13, 2018 to June 17, 2018. The payment must be made in form of Bank name" Citizens Bank International Limited". Branch code-Account Number: 999-916081000. The last date and time for submission of Bid (closing of Bid) is June 19, 2018, 17:00 hrs & all bids (Technical and Financial) must be submitted at the same time giving full particulars in separate sealed envelopes.

Technical Bids will be opened in the presence of the Bidders' representatives who choose to attend on June 20, 2018, 13:00 hrs. Bidders who have submitted their proposal are expected to make their product presentation on a date and time allocated by the Bank. The date and time will be allocated as per the sequence of the submission of the proposal. All bids must be accompanied by a bid security as mentioned in the bidding documents. The Bank reserves the right to cancel the tender process at any time without assigning any reason whatsoever.

Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti path, Kathmandu, Nepal
Telephone : +977- 4427842,977-01-4427843
Fax 977-01-4427077, Email: gsd@ctznbank.com

www.ctznbank.com



## सुबिस्ता बचत तथा ऋण सहकारी संस्था लि.ठँहिटि काठमाडौंबाट जारी गरिएको धितो लिलाम सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०७५/०२/३० गते)

यस संस्थाबाट विभिन्न मितिमा तपसिल ऋणीले लिएको कर्जाको सॉवा, व्याज र किस्ता नतिरेको र कर्जाको म्याद गुज्रिसकेको अवस्थामा निजको नाममा पटक पटक संस्थाको तर्फबाट लिखित तथा मौखिक ताकेता गर्दा तथा राष्ट्रिय स्तरको पत्रिकामा ३५दिने सूचना प्रकाशित गर्दा समेत वेवास्ता गर्नु भई कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले धितो लिलाम सम्बन्धिअन्तिम पटक यो सूचना जारी गरिएको छ । उक्त कर्जा र सो कर्जामा लागेको सम्पूर्ण व्याज समेत यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तिर्न बुझाउन आउनुहोला अन्यथा सूचना प्रकाशित भएको ३६औं दिन वा सो दिन बिदा परेमा त्यसको भोलिपल्ट यस संस्थाको नाममा धितो संरक्षण वापत राखि दिनु भएको तपसिल अचल सम्पति लिलाम वढावढ गरि कर्जा असूल उपर गर्ने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

| ऋणीको तीनपुस्ते विवरण | ऋणीको फोटो | धितोको विवरण |
|---|---|---|
| **ऋणी सीता सापकोटा**<br>ना.प्र.नं : २६९०५<br>जारी मिती : २०५५ /०६/ २६<br>नागरिता प्रदान गर्ने कार्यालय : जि.प्रा.का. धादिङ्ग<br>ठेगाना : धादिङ्ग जिल्ला गा बि स/न पा बैरेनी वडा न ३ हाल काठमाडौं जिल्ला, मच्छेगाँउ वडा नं.५<br>बाबु : कृष्ण बहादुर बिष्ट<br>पति : रामबहादुर सापकोटा<br>ससुरा : गणेश बहादुर सापकोटा |  | १) काठमाडौं जिल्ला, मच्छे गाँउ वडा नं. ५ ग कित्ता नं. १५५,क्षे.फ. ०-८-२-० घरजग्गा र सो जग्गामा अवस्थित घर तथा लिग लगापात समेत आर सि सि फ्रेम श्ट्रक्चर ४ तल्ले ढलान घर<br>२) ऐ ऐ वडा नं. ५ नक्सा नं ५ ग किता नं. २९७,क्षे.फ. ०-५-०-०<br>३) ऐ ऐ वडा नं.५ नक्सा नं ५ ग किता नं. १०५,क्षे.फ. ०-६-१-० |
| **जमानीको तीनपुस्ते विवरण** | **जमानीको फोटो** | |
| नाम : रामबहादुर सापकोटा<br>ना.प्र.नं : ८२<br>जारी मिती : २०४८ /०४./२८<br>नागरिता प्रदान गर्ने कार्यालय : जि.प्रा.का. धादिङ्ग<br>ठेगाना : धादिङ्ग जिल्ला गा बि स/न पा बैरेनी वडा न ३ हाल काठमाडौं जिल्ला, मच्छेगाँउ वडा नं. ५<br>वुवा : गणेश बहादुर सापकोटा<br>बाजे : दण्डपाणी सापकोटा |  | |

१. वोलपत्र कार्यालय समयमा यो संस्थाको कार्यालय , ठँहिटिबाट प्राप्त गर्न सकिने छ ।
२. लिलामको गोप्य सिलबन्दी बोलपत्र , वढावढका आधारमा हुनेछ ।
३. धितो निरिक्षण गर्न चाहनेले बोलपत्र दाखिला गर्नुअघि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
४. वोलपत्र दाखिला गर्ने अन्तिम मिति २०७५ श्रावण १ गते मंगलबार ।
५. वोलपत्र खोलिने अर्थात लिलाम हुने मिति २०७५ श्रावण २ गते बुधबार ।
६. वोलपत्र खोलिने समय मिति २०७५ श्रावण २ गते बुधबार बिहानको ११ :०० वजे।
७. स्थान : संस्थाको कार्यालय, ठँहिटि, का.म.न.पा.१७ वडा
८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुने छ ।
९. प्रस्तुत धितो लिलामीबाट संस्थाको लेना रकम असुल नभएमा ऋणी वा जमानीबाट वाकीँ रकम असूल गर्न सकिने छ ।
१०. सम्बन्धित ऋणी वा जमानी लगायत वोलपत्र कर्ताहरुलाई यसै सूचना द्वारा बोलपत्र खोलिने समयमा उपस्थित हुन अनुरोध गरिन्छ । उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा हुने छैन ।
११. यदि कोई कसैले लिलाम नसकारेको अवस्थामा संस्था आफैले ऋणीले राखेको धितो संस्थाले सकार गरि लिन सक्नेछ ।

**सुबिस्ता बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
का.म.न.पा. १७ वडा ठँहिटि, काठमाडौं
फोन नं. ४२५०६२२ / ०१६९१३७५८



## ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।



## RHINO 500D GUARANTEED DUCTILITY

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)



SAURABH GROUP

नेपालकै एक मात्र EUROPEAN VRM MACHINE बाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य



SAURABH GROUP

लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी



## हकदावी गर्न आउने ३५ दिने सूचना

कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा वडा नं २९, साविक कास्की जिल्ला, शिशुवा गा.वि.स, वडा नं ०३ बस्ने श्री सभन सिङग गुरुङको नाति, श्री शिव मान गुरुङको छोरा, श्रीमती मसान्ती गुरुङको श्रीमान, **श्री पाशविर गुरुङ**को मिति २०७४/०४/२३ मा मृत्यु भएको हुनाले यस बैंकमा निजको नाममा रहेको बचत खाता नं १८३१५२४९००१२६४ को सम्पूर्ण रकम भुक्तानी पाँऊ भनी मृतकको **श्रीमती मसान्ती गुरुङ**ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाका नामको यस बैंकमा रहेको उक्त रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनु होला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिएको छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
सृजनाचोक शाखा, पोखरा, फोन नं:०६१-५२८५१५,०६१-५४१४३३



CIVIL BANK
www.civilbank.com.np facebook.com/civilbankltd
रात दिन गरी आर्जित रकमलाई सर्वाधिक प्रतिफल
CIVIL चन्द्र सूर्य बचत खाता
१०% वार्षिक व्याजदर
साथै २२२ दिने व्यक्तिगत मुद्दती खातामा १२.२२% वार्षिक व्याजदर
समृद्धिको लागि सिभिल बैंक

## SHARE MARKET

**12 JUNE TUESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 3235.00 | 323.00 | 317.00 | 320.00 | -3.00 |
| 2 | Api Power Company Ltd. | 4694.00 | 301.00 | 284.00 | 291.00 | -3.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 612.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 4 | Arun Kabeli Power Ltd. | 819.00 | 290.00 | 276.00 | 290.00 | 4.00 |
| 5 | Arun Valley Hydropower Dev.Co. Ltd. | 2011.00 | 165.00 | 153.00 | 158.00 | -10.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1134.00 | 703.00 | 685.00 | 703.00 | 8.00 |
| 7 | Bank of Kathmandu Ltd. | 6118.00 | 316.00 | 306.00 | 310.00 | 0.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 210.00 | 150.00 | 145.00 | 148.00 | -2.00 |
| 9 | Best Finance Co. Limited Pro. Share | 150631.00 | 103.00 | 103.00 | 103.00 | -2.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 330.00 | 138.00 | 138.00 | 138.00 | 2.00 |
| 11 | Butwal Power Company Limited | 5407.00 | 446.00 | 440.00 | 443.00 | 0.00 |
| 12 | Century Commercial Bank Ltd. | 12862.00 | 171.00 | 168.00 | 170.00 | 0.00 |
| 13 | Chhimek Laghubitta Bikas Bank Limited | 360.00 | 930.00 | 920.00 | 921.00 | -9.00 |
| 14 | Chhyangdi Hydropower Ltd. | 458.00 | 140.00 | 136.00 | 140.00 | 1.00 |
| 15 | Chilime Hydropower Company Limited | 2184.00 | 784.00 | 760.00 | 770.00 | -3.00 |
| 16 | Citizen Bank International Limited | 37041.00 | 248.00 | 241.00 | 245.00 | -5.00 |
| 17 | Citizen Investment Trust | 126.00 | 2560.00 | 2510.00 | 2560.00 | 0.00 |
| 18 | Citizens Mutual Fund -1 | 10000.00 | 9.60 | 9.50 | 9.60 | 0.10 |
| 19 | Civil Bank Ltd | 54707.00 | 155.00 | 150.00 | 154.00 | 3.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 443.00 | 756.00 | 735.00 | 745.00 | -9.00 |
| 21 | Corporate Development Bank Limited | 240.00 | 114.00 | 114.00 | 114.00 | 2.00 |
| 22 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 1553.00 | 771.00 | 756.00 | 765.00 | -14.00 |
| 23 | Deva Bikas Bank Limited | 3385.00 | 132.00 | 130.00 | 131.00 | 1.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 44.00 | 111.00 | 111.00 | 111.00 | -2.00 |
| 25 | Everest Bank Limited | 8557.00 | 689.00 | 680.00 | 682.00 | -4.00 |
| 26 | Everest Bank Limited Con. Pref. | 93.00 | 570.00 | 559.00 | 559.00 | -22.00 |
| 27 | Everest Insurance Co. Ltd. | 271.00 | 1394.00 | 1389.00 | 1390.00 | 5.00 |
| 28 | Excel Development Bank Ltd. | 3316.00 | 331.00 | 323.00 | 327.00 | 0.00 |
| 29 | First Micro Finance Dev.Bank Ltd. | 1809.00 | 561.00 | 549.00 | 554.00 | -6.00 |
| 30 | Forward Comm.Mi. Bittiya Sanstha Ltd. | 2237.00 | 2280.00 | 2240.00 | 2262.00 | -8.00 |
| 31 | Gandaki Bikas Bank Limited | 5005.00 | 203.00 | 199.00 | 201.00 | 0.00 |
| 32 | Garima Bikas Bank Limited | 2422.00 | 181.00 | 173.00 | 176.00 | -4.00 |
| 33 | Global IME Bank Limited | 26745.00 | 302.00 | 293.00 | 300.00 | 0.00 |
| 34 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 846.00 | 1198.00 | 1130.00 | 1198.00 | 23.00 |
| 35 | Goodwill Finance Co. Ltd. | 654.00 | 121.00 | 120.00 | 121.00 | 2.00 |
| 36 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 3890.00 | 585.00 | 560.00 | 576.00 | 1.00 |
| 37 | Green Development Bank Ltd. | 21.00 | 149.00 | 149.00 | 149.00 | 2.00 |
| 38 | Guheshowori Mer. Bank & Finance Co. Ltd. | 49.00 | 133.00 | 133.00 | 133.00 | -2.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 3179.00 | 915.00 | 891.00 | 900.00 | -13.00 |
| 40 | Gurkhas Finance Ltd. | 3605.00 | 108.00 | 106.00 | 108.00 | 2.00 |
| 41 | Hamro Bikas Bank Ltd. | 919.00 | 137.00 | 136.00 | 136.00 | 2.00 |
| 42 | Hathway Finance Company Limited | 330.00 | 128.00 | 125.00 | 127.00 | 1.00 |
| 43 | Himalayan Bank Limited | 1068.00 | 560.00 | 560.00 | 560.00 | 0.00 |
| 44 | Himalayan Distillery Limited | 310.00 | 1270.00 | 1268.00 | 1270.00 | 22.00 |
| 45 | Himalayan General Insurance Co. Ltd | 1060.00 | 479.00 | 461.00 | 470.00 | 0.00 |
| 46 | Himalayan Power Partner Ltd. | 1170.00 | 302.00 | 296.00 | 300.00 | -2.00 |
| 47 | ICFC Finance Limited | 300.00 | 175.00 | 175.00 | 175.00 | 3.00 |
| 48 | IME General Insurance Ltd. | 1170.00 | 915.00 | 865.00 | 897.00 | 15.00 |
| 49 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 9378.00 | 161.00 | 154.00 | 161.00 | 6.00 |
| 50 | Janaki Finance Ltd. | 10.00 | 173.00 | 173.00 | 173.00 | 3.00 |
| 51 | Janata Bank Nepal Ltd. | 24956.00 | 159.00 | 155.00 | 155.00 | -4.00 |
| 52 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 218.00 | 3060.00 | 2901.00 | 3000.00 | -1.00 |
| 53 | Jebils Finance Ltd. | 10.00 | 108.00 | 108.00 | 108.00 | 1.00 |
| 54 | Jyoti Bikas Bank Limited | 1384.00 | 140.00 | 136.00 | 138.00 | 0.00 |
| 55 | Jyoti Bikash Bank Ltd. Promoter Share | 67804.00 | 113.00 | 113.00 | 113.00 | 0.00 |
| 56 | Kabeli Bikas Bank Limited | 214.00 | 241.00 | 230.00 | 230.00 | -15.00 |
| 57 | Kailash Bikas Bank Ltd. | 681.00 | 230.00 | 226.00 | 230.00 | 2.00 |
| 58 | Kalika Microcredit Dev. Bank Ltd. | 1686.00 | 1382.00 | 1328.00 | 1382.00 | 27.00 |
| 59 | Kamana Sewa Bikas Bank Limited | 4329.00 | 156.00 | 154.00 | 155.00 | 1.00 |
| 60 | Kankai Bikas Bank Ltd. | 840.00 | 129.00 | 125.00 | 125.00 | -2.00 |
| 61 | Khanikhola Hydropower Co. Ltd. | 642.00 | 114.00 | 112.00 | 112.00 | -2.00 |
| 62 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 164.00 | 1665.00 | 1617.00 | 1650.00 | 1.00 |
| 63 | Kumari Bank Limited | 14273.00 | 216.00 | 210.00 | 214.00 | -2.00 |
| 64 | Laxmi Bank Limited | 9160.00 | 268.00 | 263.00 | 263.00 | -4.00 |
| 65 | Laxmi Equity Fund | 6000.00 | 8.17 | 8.01 | 8.17 | 0.00 |
| 66 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 255.00 | 1160.00 | 1118.00 | 1160.00 | 10.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 1800.00 | 152.00 | 150.00 | 150.00 | 0.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 1346.00 | 574.00 | 565.00 | 567.00 | -5.00 |
| 69 | Machhapuchhre Bank Limited | 7535.00 | 216.00 | 211.00 | 215.00 | -1.00 |
| 70 | Mahalaxmi Bikas Bank Ltd. | 131.00 | 172.00 | 170.00 | 170.00 | 0.00 |
| 71 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 1498.00 | 745.00 | 702.00 | 745.00 | 20.00 |
| 72 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 475.00 | 2750.00 | 2631.00 | 2750.00 | 52.00 |
| 73 | Mega Bank Nepal Ltd. | 77181.00 | 175.00 | 170.00 | 172.00 | -3.00 |
| 74 | Mero Microfinance Bittiya Sanstha Ltd. | 683.00 | 1091.00 | 1020.00 | 1091.00 | 41.00 |
| 75 | Mirmire Microfinance Dev. Bank Ltd. | 337.00 | 1622.00 | 1585.00 | 1615.00 | -35.00 |
| 76 | Miteri Development Bank Limited | 5731.00 | 293.00 | 290.00 | 293.00 | 3.00 |
| 77 | Mithila LaghuBitta Bikas Bank Ltd. | 125.00 | 1017.00 | 1017.00 | 1017.00 | -19.00 |
| 78 | Muktinath Bikas Bank Ltd. | 5482.00 | 393.00 | 381.00 | 385.00 | -1.00 |
| 79 | Nabil Bank Limited | 4558.00 | 960.00 | 945.00 | 955.00 | 0.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 1665.00 | 760.00 | 750.00 | 760.00 | 2.00 |
| 81 | Nabil Equity Fund | 5222.00 | 8.67 | 8.50 | 8.67 | 0.03 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 228.00 | 2577.00 | 2530.00 | 2575.00 | -2.00 |
| 83 | National Hydro Power Company Limited | 5190.00 | 86.00 | 84.00 | 86.00 | 2.00 |
| 84 | National Life Insurance Co. Ltd. | 890.00 | 1288.00 | 1265.00 | 1287.00 | 29.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 565.00 | 2330.00 | 2268.00 | 2290.00 | -14.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 20.00 | 1986.00 | 1986.00 | 1986.00 | 38.00 |
| 87 | Neco Insurance Co. Ltd. | 1369.00 | 575.00 | 562.00 | 570.00 | 6.00 |
| 88 | Nepal Bangladesh Bank Limited | 5365.00 | 216.00 | 212.00 | 213.00 | -1.00 |
| 89 | Nepal Bank Limited | 17172.00 | 312.00 | 307.00 | 309.00 | -1.00 |
| 90 | Nepal Community Dev.Bank Ltd. | 1000.00 | 117.00 | 117.00 | 117.00 | 0.00 |
| 91 | Nepal Credit And Commercial Bank Ltd. | 22472.00 | 249.00 | 235.00 | 246.00 | 3.00 |
| 92 | Nepal Doorsanchar Comapany Limited | 17845.00 | 740.00 | 729.00 | 734.00 | -4.00 |
| 93 | Nepal Hydro Developers Ltd. | 190.00 | 184.00 | 179.00 | 179.00 | -5.00 |
| 94 | Nepal Insurance Co. Ltd. | 2112.00 | 682.00 | 648.00 | 661.00 | 0.00 |
| 95 | Nepal Investment Bank Limited | 15607.00 | 630.00 | 623.00 | 629.00 | 1.00 |
| 96 | Nepal Investment Bank Ltd. Pro. Share | 6614.00 | 570.00 | 552.00 | 552.00 | -7.00 |
| 97 | Nepal Life Insurance Co. Ltd. | 23114.00 | 1048.00 | 1015.00 | 1031.00 | -4.00 |
| 98 | Nepal SBI Bank Limited | 3331.00 | 510.00 | 500.00 | 501.00 | -4.00 |
| 99 | Nerude Laghubita Bikas Bank Limited | 3580.00 | 688.00 | 663.00 | 688.00 | 6.00 |
| 100 | Ngadi Group Power Ltd. | 401.00 | 178.00 | 168.00 | 178.00 | 7.00 |
| 101 | NIBL Pragati Fund | 2778.00 | 8.02 | 8.00 | 8.00 | -0.11 |
| 102 | NIBL Samriddhi Fund 1 | 400.00 | 10.60 | 10.60 | 10.60 | 0.04 |
| 103 | NIC Asia Bank Ltd. | 4469.00 | 325.00 | 319.00 | 325.00 | 3.00 |
| 104 | Nirdhan Utthan Bank Limited | 923.00 | 1150.00 | 1120.00 | 1120.00 | -30.00 |
| 105 | NLG Insurance Company Ltd. | 1094.00 | 935.00 | 900.00 | 935.00 | 6.00 |
| 106 | NMB Microfinance Bittiya Sanstha Ltd. | 807.00 | 1498.00 | 1403.00 | 1488.00 | -1.00 |
| 107 | NMB Bank Limited | 5902.00 | 371.00 | 366.00 | 367.00 | -4.00 |
| 108 | NMB Hybrid Fund L-1 | 4000.00 | 9.36 | 9.36 | 9.36 | -0.09 |
| 109 | NMB Sulav Investment Fund-1 | 600.00 | 12.00 | 12.00 | 12.00 | 0.10 |
| 110 | Om Development Bank Ltd. | 1056.00 | 180.00 | 175.00 | 177.00 | -1.00 |
| 111 | Oriental Hotels Limited | 4099.00 | 545.00 | 510.00 | 545.00 | 15.00 |
| 112 | Pokhara Finance Ltd. | 4327.00 | 135.00 | 132.00 | 133.00 | -3.00 |
| 113 | Prabhu Bank Limited | 17218.00 | 203.00 | 198.00 | 202.00 | -3.00 |
| 114 | Prabhu Insurance Ltd. | 3392.00 | 535.00 | 510.00 | 521.00 | -4.00 |
| 115 | Premier Insurance Co. Ltd. | 4945.00 | 1205.00 | 1173.00 | 1185.00 | -14.00 |
| 116 | Prime Commercial Bank Ltd. | 14957.00 | 297.00 | 293.00 | 294.00 | 0.00 |
| 117 | Prime Life Insurance Company Limited | 1335.00 | 621.00 | 615.00 | 620.00 | 0.00 |
| 118 | ProgressiveFinance Limited | 178.00 | 149.00 | 147.00 | 149.00 | -1.00 |
| 119 | Prudential Insurance Co. Ltd. | 3583.00 | 825.00 | 800.00 | 825.00 | 15.00 |
| 120 | Purnima Bikas Bank Ltd. | 147.00 | 182.00 | 182.00 | 182.00 | 2.00 |
| 121 | Radhi Bidyut Company Ltd | 6212.00 | 241.00 | 222.00 | 241.00 | 16.00 |
| 122 | Rastriya Beema Company Limited | 401.00 | 11548.00 | 11100.00 | 11350.00 | 30.00 |
| 123 | Rastriya Beema Company Ltd. Pro.Share | 305.00 | 10550.00 | 10200.00 | 10400.00 | -1.00 |
| 124 | Reliance Finance Ltd. | 200.00 | 118.00 | 118.00 | 118.00 | 2.00 |
| 125 | Ridi Hydropower Development Co. Ltd. | 1195.00 | 126.00 | 122.00 | 124.00 | -1.00 |
| 126 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1421.00 | 555.00 | 546.00 | 552.00 | 2.00 |
| 127 | Rural Microfinance Dev. Centre Ltd. | 1741.00 | 682.00 | 663.00 | 680.00 | 9.00 |
| 128 | Sagarmatha Insurance Co. Ltd. | 1070.00 | 1357.00 | 1305.00 | 1312.00 | -18.00 |
| 129 | Sahayogi Bikas Bank Limited | 520.00 | 195.00 | 192.00 | 195.00 | 0.00 |
| 130 | Samata Microfinance Bittiya Sanstha Ltd. | 316.00 | 1444.00 | 1444.00 | 1444.00 | 28.00 |
| 131 | Sana Kisan Bikas Bank Ltd | 11023.00 | 1195.00 | 1151.00 | 1195.00 | 22.00 |
| 132 | Sanima Bank Limited | 18085.00 | 342.00 | 330.00 | 338.00 | 5.00 |
| 133 | Sanima Equity Fund | 16700.00 | 9.50 | 9.31 | 9.31 | 0.01 |
| 134 | Sanima Mai Hydropower Ltd. | 4920.00 | 337.00 | 330.00 | 337.00 | 3.00 |
| 135 | Saptakoshi Development Bank Ltd. | 1112.00 | 123.00 | 119.00 | 119.00 | -2.00 |
| 136 | Shangrila Development Bank Ltd. | 3414.00 | 164.00 | 162.00 | 162.00 | 0.00 |
| 137 | Shikhar Insurance Co. Ltd. | 2767.00 | 1000.00 | 975.00 | 978.00 | -12.00 |
| 138 | Shine Resunga Development Bank Ltd. | 2316.00 | 281.00 | 275.00 | 277.00 | 1.00 |
| 139 | Shree Investment Finance Co. Ltd. | 5952.00 | 221.00 | 213.00 | 219.00 | 2.00 |
| 140 | Siddhartha Bank Limited | 12338.00 | 315.00 | 310.00 | 312.00 | -1.00 |
| 141 | Siddhartha Equity Fund | 2700.00 | 9.28 | 9.10 | 9.10 | -0.10 |
| 142 | Siddhartha Insurance Ltd. | 735.00 | 734.00 | 708.00 | 708.00 | -26.00 |

Total Amount Rs. 302,847,166 Total Quantity 957,127 Total No of Transactions 4,075

२०७५, जेठ
बुधबार
३०

‘बैंकको ब्याजदर अस्थिर भएकाले लगानीकर्ताले कुनै प्रक्षेपण गर्न सक्ने अवस्था नै रहेन, यस्तो अस्थिर ब्याजदरले औद्योगिक विकासमा सहयोग गर्दैन, यसैले राष्ट्र बैंकले बैंकको ब्याजदरमा हस्तक्षेप गर्नुपर्छ।’

अर्थ

# ‘मौद्रिक नीति ल्याउँदा कर्जा प्रवाह सहज बनाऊ’

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपालले बजेटमा लिइएको ८ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्यलाई सहयोग पुग्ने गरी आगामी आर्थिक वर्षको मौद्रिक नीति आउने बताउनु भएको छ। मंगलबार आगामी आर्थिक वर्षको मौद्रिक नीतिका बारेमा सरोकारवालाहरूसँग भएको छलफलमा उहाँले सो कुरा बताउनु भएको हो।

विद्युत् आपूर्ति नियमित, स्थायी सरकार तथा लगातार दुई वर्षको आर्थिक वृद्धिदर राम्रो भएको अवस्थामा आगामी आवमा लक्षित आर्थिक वृद्धि भेट्टाउन सकिए पनि मूल्यवृद्धि ६ प्रतिशतमा सीमित गर्न भने चुनौतीपूर्ण रहेको उहाँको भनाइ छ। संघ, प्रदेश र स्थानीय सरकारले गर्ने खर्चका कारण पनि मूल्यवृद्धिमा दबाब पर्ने बताउनुभयो।

कार्यक्रममा बीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाईंले लघुवित्त कार्यक्रममा बीमा गर्नुपर्ने प्रावधान ल्याउन सुझाव दिनुभयो। नेपाल बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्र ढुंगानाले बजेट लिएको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्नका लागि ५ खर्बको लगानी हुनुपर्ने धारणा राख्नुभयो।




उहाँले तरलताको पर्याप्तता, ब्याजदरमा पुनर्विचार, बैंक तथा वित्तीय संस्था स्थानीय तहमा जाने अवस्था सिर्जना गर्ने गरी मौद्रिक नीति ल्याउनुपर्ने सुझाव दिनुभयो।

व्यावसायिक कर्जा सहज बनाउन सुझाव दिँदै उहाँले औसत ब्याजदर ७ देखि ९ प्रतिशतमा सीमित राख्न र ५ प्रतिशतको स्प्रेडदर पनि संशोधन गर्नु आवश्यक रहेको बताउनुभयो। मूल्य वृद्धिमा दबाब परे पनि आर्थिक वृद्धिलाई सघाउने गरी मौद्रिक नीति ल्याउनुपर्नेले बताउनुभयो।

त्यस्तै नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले अत्यावश्यक वस्तुमा उद्योगले पाउने सुविधा कटौती गरेर बजेट आएकाले मूल्यवृद्धि हुने र पुनर्कर्जाका विस्तार नहुँदा उत्पादनमूलक क्षेत्रमा लगानी हुन नसेकेको भन्दै त्यस्ता विषयलाई सम्बोधन गर्न आग्रह गर्नुभयो। ‘बैंकको ब्याजदर अस्थिर भएकाले लगानीकर्ताले कुनै प्रक्षेपण गर्न सक्ने अवस्था नै रहेन, यस्तो अस्थिर ब्याजदरले औद्योगिक विकासमा सहयोग गर्दैन, यसैले राष्ट्र बैंकले बैंकको ब्याजदरमा हस्तक्षेप गर्नुपर्छ,’ गोल्छाले भन्नुभयो।

ब्याजदरमा राष्ट्र बैंकले हस्तक्षेप नगर्ने हो भने आर्थिक समृद्धिको सरकारी नारा असफल हुने उहाँको दाबी छ। ब्याजदरमा देखिने उत्तारचढाबले लगानीलाई असर पार्ने भन्दै बैंक तथा वित्तीय संस्थाले निक्षेपमा दिने र कर्जामा लिने ब्याज अन्तर (स्प्रेड) दर पनि बढी भएको धारणा राख्नुभयो।

छलफल कार्यक्रममा नेपाल चेम्बर्स अफ कमर्सका महासचिव कमलेश अग्रवालले कर्जाको ब्याजदर ७ देखि ९ प्रतिशत कायम राख्न, ५ प्रतिशतको स्प्रेड दर र कर्जा निक्षेप अनुपातलाई ध्यानमा राखेर विस्तारमुखी मौद्रिक नीति ल्याउनपर्ने धारणा राख्नुभयो। उहाँले पुनर्कर्जाको सीमा बढाएर सय अर्ब पुऱ्याउनुपर्ने बताउनुभयो। बजेटको सफलताका लागि विस्तारकारी मौद्रिक नीति ल्याउनुपर्ने उहाँको सुझाव छ।

उक्त कार्यक्रममा जग्गा तथा आवास विकास संघका अध्यक्ष इच्छाराज तामाङले जग्गा धितोमा पाइने ऋणको सीमा ६० प्रतिशत, कमर्सियल हाउजिङको ७० प्रतिशत र घर कर्जाको सीमा ८० प्रतिशत पुऱ्याउन माग गर्नुभएको छ। अहिले धितो मूल्यांकनको ४० प्रतिशतसम्म ऋण पाउने भनिए पनि वास्तविक रुपमा धितो मूल्यांकनको २० प्रतिशत मात्रै ऋण पाइन्छ, घर भनेको हरेक नागरिकको आधारभूत आवश्यकताको वस्तु भएकाले धितो मूल्यांकनको ८० प्रतिशतसम्म ऋण पाइने व्यवस्था गर्न आग्रह गर्नुभयो।

## ४२ अर्ब भुक्तानी माग्दै निर्माण व्यवसायीले अर्थमन्त्री गुहारे

**नेपाल समाचारपत्र**

काठमाडौं

अर्थमन्त्री डा. युवराज खतिवडाले निर्माण व्यवसायीको रकम भुक्तानी गर्न पहल गर्ने प्रतिबद्धता जनाउनु भएको छ। नेपाल निर्माण व्यवसायी महासंघको प्रतिनिधिमण्डलसँगको भेटमा अर्थमन्त्री खतिवडाले सम्बन्धित मन्त्रालय तथा विभागसँग समन्वय गरी व्यवसायीको रकम भुक्तानी गर्न पहल गर्ने बताउनुभएको हो।

महासंघको प्रतिनिधिमण्डलले विभिन्न सरकारी निकायबाट भुक्तानी हुनुपर्ने झण्डै ४२ अर्बभन्दा बढी रकम प्राप्त नहुँदा देशभरका व्यवसायी ठूलो मारमा परेको जानकारी अर्थमन्त्री खतिवडालाई गराएको थियो। प्रतिनिधिमण्डलले हेभी इक्युपमेन्टमा लाग्ने कर मिनाहा गरिदिन आग्रह गरेकोमो अर्थमन्त्री खतिवडाले आफू यसमा सकारात्मक रहेको बताउनुभयो। प्रतिनिधिमण्डलले निर्माण सामग्रीमा भइरहेको मूल्यवृद्धि, निर्माण सामग्रीको अभाव, व्यवसायीमैत्री ऐन कानुनको आवश्कयता, निर्माण कार्यमा सरकारी निकायबीचको समन्वय अभाव लगायतका विषयमा समेत अर्थमन्त्री खतिवडाको ध्यानाकर्षण गराएको थियो।

यसैबीच महासंघले हालै जारी गरिएको सही कारोबारसहित विवरण बुझाई तिनुपर्ने मूल्य अभिवृद्धि कर तथा आयकरको बक्यौता देखाउने निर्माण व्यवसायीलाई ब्याज हर्जाना छुट गरिने सूचनाप्रति अर्थमन्त्रीको ध्यानाकर्षण गराएको छ।

सो सूचनाले इमान्दार व्यवसायीलाई मर्का पर्ने र विवरण नबुझाउने तथा बक्यौता नदेखाउने प्रवृत्ति बढ्न गई राजस्वको लक्ष्य प्राप्तिमा असर पर्न जाने महासंघको भनाइ छ। सबै व्यवसायीले तिर्नु तथा बुझाउनुपर्ने सबै मूल्य अभिवृद्धि कर तथा आयकर २०७५ पुस मसान्तसम्म बुझाएमा ब्याज, हर्जाना छुट दिने सुविधा दिई तिर्न तथा बुझाउन बाँकी बक्यौता राजस्व फरफारक गर्ने अवसर एकपटकको लागि प्रदान गर्नका लागि पहल गरिदिन आग्रह गरेको छ।

## प्रदेश नम्बर ७ मा लगानी भित्र्याउन कर छुट दिइने

काठमाडौं, (नेस)

प्रदेश नम्बर ७ का आर्थिक मामिलामन्त्री झपटबहादुर बोहराले प्रदेश सरकारले २६ अर्ब रुपियाँसम्मको बजेट ल्याउन लागेको बताउनुभएको छ। नेपाल आर्थिक पत्रकार समाज र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहकार्यमा धनगढीमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री बोहोराले संघीय सरकारले उपलब्ध गराएको २१ अर्ब बराबरको अनुदान र प्रदेश सरकारले विभिन्न क्षेत्रबाट स्रोत परिचालन गरी बजेट निर्माण गरिरने बताउनुभयो।

पूर्वाधार, जलविद्युत्, उद्योग, कृषिलगायतलाई प्राथमिकतामा राखेर बजेट निर्माण गरिरहेको बताउँदै उहाँले लगानी आकर्षित गर्न कर छुट दिन लागिएको जानकारी दिनुभयो।

मन्त्री बोहराले कर दबाबले भन्दा पनि रहरले तिर्ने वातावरणको सिर्जना गर्ने बताउनुभयो। उहाँले विकास र समृद्धिको आधार वर्षको रुपमा यो बजेट ल्याउन लागेको बताउनु हुँदै संघीयता कार्यान्वयनको चरणमा बजेट आउन गालेको, विकास र समृद्धिको आधार वर्षको रूपमा बजेटको कार्यान्वय नहुने बताउनुभयो। कार्यक्रममा प्रदेश नम्बर ७ का सभामुख अर्जुनबहादुर थापाले राजनीतिकभन्दा आर्थिक क्रान्ति अभियानमा अगाडि बढ्नुपर्ने बताउनुभयो।

## सेञ्चुरी बैंकको मुद्दती खातामा साढे १२ प्रतिशतसम्म ब्याज

CENTURY BANK सेञ्चुरी बैंक

काठमाडौं, (नेस)

सेञ्चुरी कमर्सियल बैंकले व्यक्तिगत ग्राहकलाई उच्च ब्याजदरसहितको मुद्दती निक्षेप योजना सञ्चालनमा ल्याएको छ। बैंकले ३ महिनादेखि ६ महिनासम्मको मुद्दती खाताको लागि वार्षिक ब्याजदर १२ प्रतिशत र ६ महिनादेखि १ वर्षसम्मको मुद्दती खाताको लागि वार्षिक ब्याजदर साढे १२ प्रदान गर्ने गरी दुई नयाँ योजना ल्याएको छ।

## बचत र मुद्दतीमा सिभिल बैंकको उच्च ब्याज

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward
Class "A" Institution Licensed by Nepal Rastra Bank

काठमाडौं, (नेस)

सिभिल बैंकले बचत खाता योजना चन्द्रसूर्य बचत खाता ल्याएको छ। बैंकले यस बचत खातामा १० प्रतिशत वार्षिक ब्याजदर प्रदान गर्नेछ। न्यूनतम मौज्दात एक लाख रुपियाँ रहेको यस बचत खातामा ग्राहकका लागि निःशुल्क इन्टरनेट बैंकिङ, एटीएम कार्ड, चेक बुक, एसएमएस बैंकिङ सेवा, मोबाइल बैंकिङ सेवा, लकरको वार्षिक शुल्कमा शतप्रतिशत छुट तथा ५ लाखसम्मको दुर्घटना मृत्यु, अपांगताको निःशुल्क बीमाका घरदैलोमा गई सेवा प्रदान गरिने बैंकले जनाएको छ।

त्यसैगरी २२२ दिने मुद्दती खातामा १२ दशमलव २२ प्रतिशत वार्षिक ब्याजदर प्रदान गर्ने भएको छ, जसमा न्यूनतम मौज्दात तीन लाखरहेको छ। सिभिल बैंकले ग्राहकलाई आगामी दिनमा थप आकर्षक योजना प्रदान गर्दै जाने बैंकका चिफ बिजिनेस अफिसर सुजितकुमार शाक्यले बताउनुभयो।

## १८ वर्षपछि सरकारले सम्झियो हेटौंडा कपडा

हेटौंडा, (नेस)

कुनै समय देशभर चर्चा कमाएर एकाएक बन्द भएपछि हाल खण्डहर बनेको हेटौंडा कपडा उद्योग पुनर्संञ्चालनमा आउने दाबी गरिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले ३ नम्बर प्रदेशसभालाई सम्बोधन गर्दै उद्योग पुनः सञ्चालनमा ल्याइने दाबी गर्नुभएको हो। ‘हेटौंडा कपडा उद्योग सञ्चालनमा आउँछ, उद्योग फेरि चलाउने अठोट गरेको छु, फेरि चल्छ,’ उहाँले भन्नुभयो-‘त्यसका निम्ति नयाँ मेसिन जडान गरिनेछ र निजी क्षेत्रलाई व्यवस्थापनको जिम्मा दिइनेछ।’

प्रधानमन्त्री ओलीले निजी क्षेत्रलाई शेयर हाल्न लगाउने नीति ल्याउने बताउँदै आधुनिकीकरणमा लैजान जोड दिनुभयो। सरकारी क्षेत्रको मात्र उद्योगमा लगानी हुँदा त्यसलाई फेरि सिध्याउने काम मात्र गर्ने बताउँदै उहाँले हेटौंडा कपडा उद्योगमा निजी लगानी प्रोत्साहन गरिने बताउनुभयो। प्रधानमन्त्री ओलीले नेपालीमा उपभोगवादी प्रवृत्ति हावी हुँदै गएका कारण देशका विभिन्न कारखाना बन्द भएको बताउनुभयो। प्रम ओलीले कपडा कारखाना नेपालीकै कारण बन्द भएको दाबी गर्नुभयो। ‘हामीले कपडा कारखाना सिध्याइदियौं, तर कपडा राम्रै लगाउनुपर्छ। हामीले कपास खेती सिध्याइदियौं, तर कपडा राम्रै लगाउनुपर्छ,’ उहाँले चिन्ता जनाउनुभयो, हामी उत्पादनमुखी भएनौं।

प्रधानमन्त्री ओलीले नेपाललाई आधुनिकीकरण र औद्योगिकीकरण बनाएर समृद्ध मुलुक बनाउने सरकारी लक्ष्य रहेको चर्चा गर्दै नेपालमा कोइलाखानी, सुनखानी, अन्य खनिजहरूको प्रशस्त सम्भावना रहेको बताउनुभयो। सरकारहरूले २०५७ सालदेखि पूर्णरुपमा बन्द रहेको औद्योगिक क्षेत्रस्थित हेटौंडा कपडा उद्योग ब्युताउने चाहना र प्रयास जारी राख्दै आएका छन्। सरकारले लचकता अपनाएर उचित मूल्यमा लिजमा दिइए उद्योग ब्युतिने आशा राखिएको हो।

चीनको सहयोगमा स्थापना भएको हुनाले नेपाल-चीन उद्योग वाणिज्य संघ मकवानपुर च्याप्टरले यसको प्रयास जारी राखेको छ। उसले सम्बन्धित ब्यक्तिहरूसँग भेट र परामर्शलाई प्राथमिकतामा राख्दै आएको छ। २०६९ माघमा सरकारी शेयर रहने गरी उद्योगले चर्चेको जग्गा औद्योगिक क्षेत्रको नाममा गएपछि औद्योगिक क्षेत्र व्यवस्थापनले त्यसै स्थानमा नयाँ उद्योगहरूलाई स्वागत गर्ने तयारी गरेको छ।

च्याप्टर अध्यक्ष सुरेन्द्र श्रेष्ठले तत्कालीन अवस्थामा बहुप्रतीक्षित र चाँडै सञ्चालनमा आउने भनिएको हेटौंडा कपडा उद्योगलाई सरकारले खारेज गर्ने निर्णय गरेकोमा दुःख व्यक्त गर्नुभयो। उहाँका अनुसार उद्योग पुनर्संञ्चालनमा ल्याउन धेरै प्रयास गरिएको छ। ‘उपयुक्त वातावरण भए नेपाली लगानीकर्ता उद्योग पुनर्संञ्चालन गर्न सक्षम छन्,’ उहाँले भन्नुभयो-‘नभए चीनबाट लगानीकर्ता ल्याएर उद्योग पुनर्संञ्चालन गर्न सकिन्छ। यसका लागि सरकार लचक हुनुपर्छ। उद्योगको जग्गामा हाल नयाँ उद्योगहरू स्थापनाको तयारी भए पनि उद्योगलाई संरक्षित गरेर पुनर्संञ्चालनमा ल्याउनुपर्ने श्रेष्ठको विचार छ। ‘औद्योगिक क्षेत्र व्यवस्थापनले रुचि दिनुपऱ्यो, उद्योग पुनर्संञ्चालनमा आउँछ,’ कपडा उद्योग भवनले तीन लाख ५५ हजार वर्गफिटको विशाल क्षेत्र ओगटेर बसेको छ। उद्योग पुनर्संञ्चालनमा ल्याउने प्रयास गर्दा सरकारको ठूलो रकम खेर गइसकेको छ।